फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(..................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:- ९३२०

मिति: २०७९।०२।०९

श्री राष्ट्रिय सहकारी महासंघ लिमिटेड, ललितपुर ।
श्री विषयगत केन्द्रीय सहकारी संघहरु, सबै ।
श्री राष्ट्रिय सहकारी बैंक लिमिटेड, ललितपुर ।
श्री विशिष्टिकृत सहकारी संघ लि., सबै ।
श्री प्रदेश संघहरु, सबै ।
श्री जिल्ला सहकारी संघ लिमिटेड, सबै ।
श्री प्रारम्भिक सहकारी संस्थाहरु, सबै ।

विषय :- COPOMIS मा सहकारीको समष्टिगत विवरण भर्ने/भराउने सम्बन्धमा ।

देशभरका सबै सहकारी संघसंस्थाको एकिकृत अभिलेख राख्न, नियामक निकायहरुमा विद्युतीय सूचना व्यवस्थापन प्रणाली मार्फत प्रतिवेदन पठाउने लगायतका कार्यका लागि विगत केही वर्षदेखि सहकारी विभागले एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS. www.copomis.gov.np) संचालनमा ल्याएको व्यहोरा विदितै छ ।

उक्त व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्थाको सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ७२ मा सहकारी संघसंस्थाले विभिन्न विवरण र काम कारवाहीको अभिलेख तोकिए बमोजिम सुरक्षित राख्नु पर्ने तथा दफा ७३ मा सहकारी संघसंस्थाले ७३(१)क-ज मा उल्लेखित विवरण सहितको प्रतिवेदन तोकिएको समयभित्र रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्नेछ भनी उल्लेख भएको छ । सहकारी नियमावली, २०७५ को नियम २८ को उपनियम (१) मा सहकारी संस्थाले आफ्नो कार्य संचालनको अभिलेख विभागले तोकेको तरिका र ढाँचामा राख्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । साथै सोही नियमको उपनियम (४) मा सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ भन्ने कानुनी व्यवस्था रहेको छ ।

उल्लेखित कानूनी व्यवस्थाका अतिरिक्त सहकारी ऐन, २०७४ को दफा १५०क. बमोजिम जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन, २०७४ को निर्देशन नम्बर २९ र सहकारी संघसंस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ मा समेत सहकारी व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य आवद्धता सम्बन्धी व्यवस्था गर्नुका साथै सहकारी संस्थाले प्रत्येक महिनाको सात गतेभित्र मासिक, प्रत्येक चौमासिक अवधि व्यतित भएको पन्ध्र दिनभित्र चौमासिक र

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(.......................शाखा)

पत्र संख्या :- ०७८/७९
चलानी नं.:-

प्रत्येक आर्थिक वर्ष व्यतित भएको तीस दिनभित्र वार्षिक वित्तिय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने कानूनी व्यवस्था अनुसार निरन्तर रुपमा अभिलेखिकरण गर्नुहुन अनुरोध छ।

यसका साथै सहकारी सम्बन्धी नीति तथा योजना निर्माण गर्न सहकारी क्षेत्रको तथ्यांकको अति आवश्यकता रहेकोले सहकारी संघसंस्थाको तथ्यांक तथा विवरणहरु **वार्षिक रुपमा एकपटक अनिवार्य रुपमा प्रविष्टि गर्ने** कार्यमा आफ्नो संघमा आवद्ध संघ/संस्थालाई कोपोमिस प्रणाली (www.copomis.gov.np) मा आवद्ध गराई नयाँ थप गरिएको **समष्टिगत विवरण फाराम** भर्नुपर्ने विषयको परिपत्र/जानकारी गराई दिनुहुन र संघसंस्थाले समष्टिगत विवरणमा प्रविष्टि गर्दाको दिनसम्मको यथार्थ विवरण आ.व. २०७९।०८० को **आषाढ मसान्तसम्म र प्रत्येक आर्थिक वर्षको माघ मसान्त** भित्र अनिवार्य रुपमा भर्ने/भराउने कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि मिति २०७९।०२।०९ को निर्णयानुसार सवै पक्षसंग सहकारी विभाग हार्दिक अनुरोध गर्दछ।

***पूनश्च :*** *यस सम्बन्धी सूचना सहकारी विभागको वेभसाईट www.deoc.gov.np र www.copomis.gov.np मा समेत हेर्न सकिनेछ। User name र Password नलिएका संघसंस्थाहरुले आ-आफ्नो नियामक निकाय वा सहकारी विभागमा सम्पर्क गरी User name र Password लिन सकिनेछ। सहकारी विभागको इमेल ठेगाना sahakaribivag@gmail.com मा संघसंस्थाको नाम, दर्ता नम्बर र आधिकारिक इमेल बढीमा ठेगाना सहित संस्थाको लेटर प्याडमा पत्र पठाउनु हुन समेत अनुरोध गरिन्छ। सोको जवाफ बढीमा तीनदिन भित्र उपलब्ध गराइनेछ।*

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

बोधार्थ:
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरवार, काठमाडौ।
श्री आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं।

कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले बार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण ।

| | |
|---|---|
| सहकारीको संघसस्थाको नाम | |
| ठेगाना | |
| दर्ता नं | |
| दर्ता मिति | |
| कार्यक्षेत्र | संघः.......... प्रदेश.........जिल्लाः.........न.पा./गा.पा.:......... |
| कार्य प्रकृति | |
| नियामक निकाय | |
| आबद्द भएको संघ | |
| कर चुक्ताभएको | आ.ब.................... |
| सस्थाको पाननं/भ्याट नं | |
| संस्थाको सम्पर्क नं | |
| संस्थाको ईमेल ठेगाना | |
| पछिल्लो साधारण सभा भएको मिति | २०..।..।.. |
| साधारण सभामा सहभागी | महिलाः....... पुरुषः....... अन्यः........संस्थागतः........ जम्माः....... |
| संचालक समितिको तथा लेखा सुपरीवेक्षण समितिको पछिल्ले निर्वाचन मिति | २०..।..।.. |
| निर्वाचनमा सहभागी | महिलाः.......पुरुषः.......अन्यः........ संस्थागतः........ जम्माः....... |
| संचालक समितिको सदस्य संख्याः | महिलाः.......पुरुषः.......अन्यः........ संस्थागतः........ जम्माः....... |
| कूल शेयर सदस्य संख्याः | महिलाः.......पुरुषः.......अन्यः........ संस्थागतः........ जम्माः........ |
| कूल शेयर पुंजी रु. | |
| कूल बचत रु. | |
| कुल बाह्य ऋण रु. | |
| कूल ऋण लगानी रु. | |
| अन्य लगानी रु | |
| कूल सम्पत्ति रु. | |
| जगेडा कोष रु. | |
| सहकारी प्रवर्द्दन कोष रु. | |
| अन्य कोष रु. | |
| कर्मचारी संख्या जम्मा | महिलाः.............. पुरुषः................. अन्यः........... |
| ऋणीको संख्या जम्मा | महिला .............. पुरुषः............... अन्यः........... |
| उत्पादन मूल्य रु. | |
| खरीद मूल्य रु. | |
| बिक्रि मूल्य रु. | |
| जम्मा कारोबार मूल्य रु. | |
| जम्मा सेवा मूल्य रु. | |
| जम्मा सेवा प्राप्त गर्नेको संख्या | महिलाः......... पुरुषः......... अन्यः........... संस्थागतः............. |
| अनुदान प्राप्त रकम रु. | सरकारीः............. अन्यः.................. |

कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले बार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण ।

| | |
|---|---|
| लेखापरीक्षणको अवस्था | भएको: ..................... आ.ब.................. नभएको .............. |
| लेखा परीक्षण गर्ने व्यक्ति वा सस्थाको नाम: | |
| लेखा परीक्षकको पान नं/भ्याट नं | |
| सम्पत्ति शुद्दिकरण सम्बन्धि | अन्तरिक नीति तथा कार्यविधी बनेको:छ/ छैन<br>STR/TTR सम्बन्धि प्रतिवेदन गरेको छ/छैन<br>जोखिम मुल्यांकन प्रतिवेदन गरेको: छ/ छैन<br>कार्यान्वयन अधिकारीको नाम:......................<br>पद:..................................... |
| सघंसंस्थाको अध्यक्षको नाम | |
| संघसंस्थाको अध्यक्षको सम्पर्क नं | |
| संघसंस्थाको व्यवस्थापकको नाम | |
| संघसंस्थाको व्यवस्थापकको सम्पर्क नं | |